आज मिति २०८२ साल भाद्र महिनाको २३ गते सोमवार दिन शिवपुरी गाउँ कार्यपालिकाको आ.व. २०८२/०८३ को दोस्रो बैठक गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री गोविन्द प्रसाद थपलियाज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा बसी निम्नानुसार निर्णय गरियो ।

## उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | गोविन्द प्रसाद थपलिया | अध्यक्ष | |
| २ | विर बहादुर तामाङ | उपाध्यक्ष | |
| ३ | सुकुराम तामाङ | वडा अध्यक्ष | |
| ४ | कुमार तामाङ | वडा अध्यक्ष | |
| ५ | नाती तामाङ | वडा अध्यक्ष | |
| ६ | चन्द्र बहादुर गुरुङ | वडा अध्यक्ष | |
| ७ | रेशम बहादुर मोक्तान | वडा अध्यक्ष | |
| ८ | बिष्णु श्रेष्ठ | वडा अध्यक्ष | |
| ९ | वीर बहादुर तामाङ | वडा अध्यक्ष | |
| १० | केशव प्रसाद रिजाल | वडा अध्यक्ष | |
| ११ | सञ्जीमाया तामाङ | कार्यपालिका सदस्य | |
| १२ | ज्ञानुमाया तामाङ | कार्यपालिका सदस्य | |
| १३ | साबित्री रिजाल | कार्यपालिका सदस्य | |
| १४ | भगवती बुढाथोकी | कार्यपालिका सदस्य | |
| १५ | जानुका खाती सुनार | कार्यपालिका सदस्य | |
| १६ | रिता नेपाली | कार्यपालिका सदस्य | |
| १७ | बद्रिनाथ लम्साल | सदस्य सचिव | |

## अन्य उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | पृथ्वी लामा | [illegible]. प्र. अ | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

## छलफलका विषय वस्तुहरु

---

१. समिक्षा सम्बन्धमा ।

२. संविधान दिवस तथा राष्ट्रिय दिवस २०८२ को मूल समारोह समिति गठन सम्बन्धमा।

३. संविधान दिवस मनाउने सम्बन्धमा ।

४. गाउँसभाको विशेष अधिवेशन आह्वान गर्ने सम्बन्धमा ।

५. सभा सञ्चालन तथा कानुन निर्माण प्रकृया सम्बन्धि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा।

६. निम्न कार्यविधी तथा ऐनहरू आगामी सभामा पेश गर्ने सम्वन्धमा ।

(क) शिवपुरी गाउँपालिकाको बेरुजु फर्छ्यौट सम्बन्धि कार्यविधि २०८२, सभामा पेश गर्ने सम्बन्धमा।

(ख) शिवपुरी गाउँपालिकाको लेखा समिति गठन तथा कार्य सञ्चालन कार्यविधि २०८२, सभामा पेश गर्ने सम्बन्धमा।

(ग) शिवपुरी गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०८२ को मस्यौदा सभामा पेश गर्ने सम्बन्धमा।

७. तोकिएको ढाँचामा बेरुजु अद्यावधिक कार्य गर्ने सम्बन्धमा।

८. लेखापरीक्षण प्रतिवेदन सभामा पेश गर्ने सम्बन्धमा।

९. सभाको सचिवालय स्थापना तथा सञ्चालन निर्देशिकाको मस्यौदा सभामा पेश गर्ने सम्बन्धमा।

१०. विविध ।

CamScanner

## छलफल तथा निर्णयहरु

**निर्णय नं. १ समिक्षा सम्बन्धमाः-** यस पूर्व कार्यापालिकाले गरेका सम्पूर्ण निर्णयहरु कार्यान्वयन भै सकेको र अन्य वार्षिक योजना तथा कार्यक्रम कार्यान्वयनको प्रकृयामा अगाडी बढी रहेको व्यहोरा छलफल एवं समिक्षा गरियो ।

**निर्णय नं. २. संविधान दिवस तथा राष्ट्रिय दिवस २०८२ को मूल समारोह समिति गठन सम्बन्धमाः-** संविधान दिवस-२०८२ मनाउनको लागि तपसिलका पदाधिकारी रहेको संविधान दिवस-२०८२ मूल समारोह समिति गठन गर्ने निर्णय गरियो।

**निर्णय नं. ३. संविधान दिवस मनाउने सम्बन्धमाः-** वि.सं २०८२ सालको संविधान दिवस विविध कार्यक्रम गरी २०८२ साल असोज ३ गते शुक्रबारका दिन भव्य र सभ्य रुपमा मनाउने निरणय गरियो।

**निर्णय नं. ४. गाउँसभाको विशेष अधिवेशन आह्वान गर्ने सम्बन्धमा सम्बन्धमाः-** यस शिवपुरी गाउँपालिकाको गाउँसभाको सोहौं अधिवेशन समाप्त भएको र सत्रौं अधिवेशन करिब ४ महिना पश्चात मात्र बस्ने भएकोले महालेखापरीक्षकवाट प्राप्त आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदनउपर छलफल गर्न र केही विधेयकहरु सभामा पेश गर्नुपर्ने भएकोले यही मिति २०८२ असोज ३ गते दिनको १ बजे गाउँपालिकाको सभाहलमा बस्नेगरी विशेष अधिवेशनको पहिलो बैठक आव्हान गर्ने निर्णय गरियो।

**निर्णय नं. ५. सभा सञ्चालन तथा कानुन निर्माण प्रकृया सम्बन्धि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमाः-** यस गाउँसभाका सदस्यहरु र शाखा प्रमुखहरुको लागि गाउँसभा सञ्चालन तथा कानुन निर्माण प्रकृया सम्बन्धि क्षमता अभिबृद्धि गर्ने उद्देश्यले मिति २०८२ असोज २ गते गाउँपालिका राष्ट्रिय महासंघ नेपालसँगको सहकार्यमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ६, कार्यविधी तथा ऐनहरू आगामी सभामा पेश गर्ने सम्वन्धमाः-** अब हुने विशेष अधिवेशनको पहिलो बैठकका देहायबमोजिमका विधेयक र कार्यविधिको मस्यौदा स्वीकृतीका लागि सभामा पेश गर्ने निर्णय गरियो।

**तपसिल**

| क्र.सं. | सभामा पेश गर्ने विधेयक | पेश गर्ने पदाधिकारी |
|---|---|---|
| १ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०८२ | उपाध्यक्ष श्री बिरबहादुर तामाङ |

| क्र.सं. | सभामा पेश गर्ने विधेयक | पेश गर्ने पदाधिकारी |
| --- | --- | --- |
| २ | बेरुजु फर्स्योट कार्यविधिको मस्यौदा, २०८२ | कार्यपालिकाका सदस्य श्री चन्द्रबहादुर गुरुङ |
| ३ | लेखा समिति सञ्चालन कार्यविधिको मस्यौदा, २०८२ | कार्यपालिकाका सदस्य श्री सुकुराम तामाङ |

**निर्णय नं. ७. तोकिएको ढाँचामा बेरुजु अद्यावधिक कार्य गर्ने सम्बन्धमाः-** महालेखापरीक्षकको प्रतिवेदनले औंल्याएका बेरुजुको लगतलाई तोकिएको ढाँचामा अद्यावधिक गरी कार्यपालिकाको आगामी बैठकमा पेश गर्न सम्बन्धित पदाधिकारी र शाखा प्रमुखलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ८. लेखापरीक्षण प्रतिवेदन सभामा पेश गर्ने सम्बन्धमाः-** महालेखापरीक्षक श्री तोयम रायले मिति २०८२/०२/०६ गते पेश गरेको यस गाउँपालिकाको आ.व. २०८०/८१ को लेखापरीक्षण प्रतिवेदन गाउँसभाको विशेष अधिवेशनको पहिलो बैठकमा उपाध्यक्षमार्फत सभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ९. सभाको सचिवालय स्थापना तथा सञ्चालन निर्देशिकाको मस्यौदा सभामा पेश गर्ने सम्बन्धमाः-** हालसम्म पनि गाउँसभाको बेग्लै सचिवालय व्यवस्थापन हुन नसकेको र सभाको कार्यसम्पादन कार्यपालिकाको नाममा भैरहेकोले सभाको सचिवालय सम्बन्धी बेग्लै व्यवस्थापन गर्न सभाको सचिवालय सम्बन्धी निर्देशिका मस्यौदा गरी सभाको बैठकमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. १०. विविधः** आवश्यकता अनुसार कार्यपालिका बैठक बस्ने गरी आजको कार्यपालिका बैठक सौहार्दपूर्ण वातावरण समापन गरियो।

CamScanner